केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/१०/०६९/७० मिति: २०६९/८/१४

**इजाजतपत्रप्राप्त "क" वर्गका संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क" वर्गका संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६९ को निर्देशन नं. ३ को बुँदा नं. ४ कर्जा सापट तथा सुविधाको सीमामा छुट अन्तरगत खण्ड (ख) मा रहेको व्यवस्थालाई देहाय बमोजिम कायम हुने गरी संशोधन गरिएको छः-

(ख) कर्जासंग सम्बन्धित जोखिमबाट सुरक्षित हुने पर्याप्त व्यवस्था गरी देहायका संस्थाहरुलाई देहाय बमोजिमका वस्तुहरु खरीद तथा आयात गर्न "क" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुबाट प्रदान गरिने कर्जा सापट तथा सुविधाहरु

| क्र.सं. | संस्था | वस्तु |
|---|---|---|
| (१) | नेपाल आयल निगम लि. | ग्याँस तथा पेट्रोलियम पदार्थ |
| (२) | नेपाल खाद्य संस्थान | खाद्यान्न |
| (३) | कृषि सामग्री कम्पनी लि. | कृषि रासायनिक मल |

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि. तथा नी.वि. महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
१४. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।